धुलिखेल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

|||
||
|
||
|||

आ.व. ०७४/०७५

||||
|||
||
|
||
|||
||||

# फर्निचर तथा फर्निसिङ्ग माल सामान, खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र फाराम

फाराम दस्तुर रु १,०००। - एक हजार (पछि फिर्ता नहुने)

## ठेक्का पट्टाका शर्तहरु

कार्यालयका लागि चाहिने सामानहरु स्वीकृत नमूना तथा यसैसाथ संलग्न शर्त अनुसार सप्लायर्सले सप्लाई तथा डेलिभरिको कार्य पुरा गर्नुपर्नेछ ।

१ काम शुरु

सम्झौता भई कार्यादेश प्राप्त भएको मितिले ७ (सात) दिन भित्र काम शुरु गर्नुपर्ने छ ।

२ ठेक्का अवधी

यस ठेक्काको सम्झौता भएको मितिले १(एक) बर्षको लागि हूनेछ ।

३ धरौटी

क) दरभाउ पत्र दाताले दरभाउ पत्र दाखिला गर्दा नगर कार्यपालिका कार्यालयको रा.बा. बैकं धूलिखेल शाखाको धरौती खाता नं. १०४०३०३००७१०२ मा रु २०,०००/अक्षेरेपी बीस हजारकबूल गरेको सक्कलै बैंक भौचर पेश गर्नू पर्नेछ ।

ख) नगद धरौटी राखेकोमा पछि बैंक ग्यारेण्टीमा परिणत गर्न पाईने छैन ।

ग) स्वीकृत दरभाउपत्र दाताले दरभाउ पत्र स्वीकृत भएको जानकारी प्राप्त भएको ७ दिन भित्र सम्झौता गर्नुपर्नेछ ।

४ धरौटी फिर्ता

क) अस्वीकृत दरभाउ पत्रदाताको धरौटी नियमानुसार फिर्ता गरिनेछ ।

ख) स्वीकृत दरभाउपत्र दाता (ठेकेदार) बाट नेपाल सरकारलाई बुझाउनु पर्ने ठेक्का कर, आय कर तथा मूल्य अभिबृद्धि कर (भ्याट) आदि बुझाएको प्रमाण पेश भएपछि वा काम सम्पन्न भएको प्रमाण पेश भई उक्त प्रतिवेदन सदर भएपछि ठेकेदारले जम्मा गरेको धरौटी नियमानुसार फिर्ता गरिनेछ ।

५ धरौटी जफत

देहायको अवस्थामा दरभाउपत्र दाता वा ठेकेदारले नगरपालिकामा जम्मा गरेको धरौटी रकम नगरपालिकाले जफत गर्न सक्नेछ ।

क) ठेक्का स्वीकृत भै नगरपालिकासंग सम्झौता गर्न सूचना पठाउंदा म्याद भित्र सम्झौता गर्न नआएमा,

ख) ठेक्का तोडेमा,

ग) सम्झौता बमोजिमको सामान कार्यालयमा सप्लाई तथा डेलिभरी नगरेमा,

६ कर

क) ठेक्का सम्बन्धी नेपाल सरकारलाई वुझाउनु पर्ने ठेक्काकर, आयकर तथा मूल्य अभिबृद्धिकर (भ्याट) आदि ऐन नियम बमोजिम ठेकदार स्वयमले व्यहोर्नू पर्नेछ । कार्यालयले कट्टा गर्नूपर्ने करहरु नियमानूसार ठेकदारको बिलबाट कट्टा गरिनेछ ।

७ **भूक्तानी प्रक्रिया**

क) ठेकेदारले सम्झौता बमोजिमको सामानहरु आपूर्ति गरे पश्चात भण्डार दाखिला गरेपछि भूक्तानी दिइने छ । वील भूक्तानी दिंदा प्रचलित कर वापतको रकम बिलबाट कट्टी गरी सम्बन्धीत राजश्व खातामा दाखिला गरीनेछ ।

ख) सामानहरु आपूर्ति गरे पश्चात बील भूक्तानी दिंदा प्रचलित नियमानूसार मूल्य अभिबृद्धि कर (भ्याट) समेत भूक्तानी गरीनेछ ।

८ **सामान सप्लाई गर्ने तरिका**

ठेकेदारले सम्झौता बमोजिम कार्यालयको आवश्यकता अनूसार पटक पटक गरी वा  कार्यालयले माग गरेको समयमा सामान आपूर्ति गर्नूपर्नेछ ।

९ **निर्णय**

क) ठेकेदारले दरभाउ पत्र साथ सप्लाई गर्ने सामानको नमूना पेश गरी कार्यालयबाट स्वीकृति लिई नमूना अनूसारको सामान सप्लाई गर्नूपर्नेछ ।

ख) स्वीकृत नमूना भन्दा फरक हूने गरी आपूर्ति गरेको सामान कार्यालयले स्वीकार गर्नेछैन ।

ग) स्वीकृत भएको नमूना बमोजिमको सामान बजारमा उपलब्ध हून नसक्ने अवस्था भई सोको जानकारी गराएमा र सो व्यहोरा कार्यालयलाई मनासिब लागेमा कार्यालयबाट पून: दिईएको आदेश अनूसारको सामान उपलब्ध गराउनु पर्नेछ ।

घ) मालसामान विवरण उल्लेख गरेको दरभाउपत्र फारामको पछाडी पानामा फर्मको छाप र प्रोपाइटरको सहि छाप नभएको दरभाउपत्र मान्ने हूने छैन साथै दरभाउपत्र रद्ध गरिनेछ ।

ङ) ठेकदारले दरभाउपत्र बमोजिम सामानहरु सन्तोषजनक सप्लाई गरेमा र अर्को आ.व.को लागी पनि साविक दररेटमा सामान सप्लाई गर्न सकिने मन्जूर गरेमा न.पा.बाट बहूवर्षिय म्याद थप गरी सम्झौता गर्न सकिनेछ ।

च) ठेकदारले दरभाउपत्रमा सामानको स्पेसिफिकेशन अनुसारको सामानको नमुना पेश गरी सके पछि कार्यालयलाई मनासीव लागेमा मात्र सामान अंडर गरीनेछ ।

१० **हर्जाना**

ठेकेदारले सम्झौता अवधी भित्र कार्यालयले माग गरेको समयमा सामान सप्लाई गर्न नसकेमा प्रचलित ऐन नियमानुसार हर्जाना लगाई ठेकेदारले पाउन बांकी जुनसुकै रकमबाट कट्टी गरी लिन र ठेक्का तोड्न सकिनेछ ।

११ **थपघट**

सामानहरु खरिद गर्दा कार्यालयको आवश्यकता अनूसार परिमाण थपघट गर्न सकिनेछ । यसरी तोकिएको परिमाणमा थपघट हून गएमा दरभाउपत्रको परिमाणको मूल्य पत्रमा भएको दररेट अनूसार र सोमा नभएको परिमाणको हकमा प्रचलित बजारभाउ अनूसार दररेट कायम गरि कार्यालयको नियमानूसार भूक्तानी दिईनेछ ।

धूलिखेल नगरपालिका कार्यालय
धूलिखेल, काभ्रे ।

# कार्यालय फर्निचर एण्ड फर्निसिङ्ग मालसामानको लागत अनुमान

| सि.नं | सामानको विवरण | स्पेशिफिकेशन | परिमाण | एकाई | दर | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | रीप कार्पेट | ६.५ फिट | १ | मिटर | | |
| २ | पि.भि.सि.कार्पेट | ६.५ फिट | १ | मिटर | | |
| ३ | रबरको डोरम्याट | ४०/६० | १ | थान | | |
| ४ | अल्टिमेट डोरम्याट | ४ फिट | १ | वर्ग फिट | | |
| ५ | ह्वाईट बोर्ड | - | १ | वर्ग फिट | | |
| ६ | सफट् बोर्ड | - | १ | वर्ग फिट | | |
| ७ | पर्दा डण्डी | १५ फिट | १ | थान | | |
| ८ | पर्दा तयारी | ५/७ फिट | १ | मि. | | |
| ९ | क्यालियो कार्पेट | ६.५ फिट | १ | मि. | | |
| १० | डोरम्याट | ४ फिट | १ | पिस | | |
| ११ | ग्राफिक कार्पेट | ६.५ फिट | १ | मि. | | |
| १२ | बेलजियम कार्पेट | ६.५ फिट | १ | मि. | | |
| १३ | टोकियो कार्पेट | ६.५ फिट | १ | मि. | | |
| १४ | सोफिया पाइप | १५ फिट | १ | पिस | | |
| १५ | पर्दा कपडा | ६० इन्च | १ | मि. | | |
| १६ | फलाटिन कपडा | ४८ इन्च | १ | मि. | | |
| १७ | कोरा कपडा | ५२ इन्च | १ | मि. | | |
| १८ | तन्ना (डबल बेड) | १२०/९० | १ | पिस | | |
| १९ | स्लीपिङ्ग ब्याग | - | १ | थान | | |
| २० | सोफा खोल | ४८ इन्च | १ | मि. | | |
| २१ | चकटी तयारी | १६x१६ इन्च | १ | पिस | | |
| २२ | सिरानी खोल | - | १ | पिस | | |
| २३ | सिसाको टि टेबुल | २४x४८ इन्च | १ | थान | | |
| २४ | स्टील दराज | ६६x३६x१९ | १ | थान | | |
| २५ | रेग्जीन सोफा | १ सिटर | १ | थान | | |
| २६ | काठको टि-टेबुल | ३६x१८ इन्च | १ | थान | | |
| २७ | अफिस टेबुल | १x८ | १ | थान | | |
| २८ | अफिस टेबुल | १x६ | १ | थान | | |
| २९ | अफिस टेबुल | १x४ | १ | थान | | |
| ३० | रेग्जीन कुर्सी | १८x१८ | १ | थान | | |
| ३१ | स्टील र्‍याक | ६६x१५x१९ | १ | थान | | |
| ३२ | रिभल्वीङ्ग चियर | नरमल | १ | थान | | |
| ३३ | पंखा सिलिङ्ग | ४८ इन्च | १ | थान | | |
| ३४ | बेञ्च (फलाम) | ५ फिट लम्बाई | १ | थान | | |
| ३५ | स्टुल (फलाम) | १५"x१५"x२४" | १ | थान | | |
| ३६ | प्लाष्टिक कुर्सी | स्टाण्र्ड साइज | १ | थान | | |
| ३७ | स्टाण्ड पंखा | १६ इन्च | १ | थान | | |

कार्यकारी अधिकृत

नगर कार्यपालिकाको कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोक ३ नं. प्रदेश, नेपाल २०७३

श्रीमान् कार्यकारी अधिकृतज्यु
धूलिखेल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ।

विषय : शिलवन्दी दरभाउपत्र पेश गरेको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा त्यस कार्यालयको मिति २०७४/०४/०८ गतेको खबर चौतारीमा प्रकाशित सूचना बमोजिम त्यस कार्यालयको निमित्त आ.व. ०७४/०७५ को लागी आवश्यक सामानहरु सप्लाई तथा डेलिभरी गर्नका लागी यो शिलवन्दी दरभाउ-पत्र पेश गरेको छु ।

मैंले यो दरभाउ-पत्र फाराममा उल्लेखित सुचना, शर्त तथा अन्य सबै व्यहोरा अध्ययन गरेको र ठेक्कापट्टाका शर्तहरु सम्बन्धी ऐन नियम समेत बुझेको छु । उक्त कार्यको लागी एकाई दरमा दररेट पेश गरेको छु । जमानत धरौती वापत त्यस नगर कार्यपालिका कार्यालयको रा.बा. बैकं धूलिखेल शाखाको धरौती खाता नं. १०४०३०३००७१०२ मा रु २०,०००/अक्षेरेपी बीस हजार जम्मा गरेको बैंक भौचर को सक्कलै थान.................... संलग्न गरेको छु ।

यस दरभाउपत्र सम्बन्धमा त्यस नगर कार्यपालिका कार्यालयले गरेको निर्णयमा मेरो पूर्ण मञ्जुरी हुने छ ।

फर्मको छाप :

दरभाउ-पत्र दाताको नाम :
प्रोपाइटरको नाम :
ठेगाना :
सम्पर्क नम्बर:
प्रोपाइटरको सहिछाप :

मिति :